# नमोबुद्ध नगरपालिका काभ्रेको
# आ.व. २०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम

## सातौं नगर सभामा नगर प्रमुख श्री टंकप्रसाद शर्मा (तिमिल्सिना) बाट प्रस्तुत
## आर्थिक बर्ष २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्यको सार संक्षेप




**हामी पौरखी नगरवासी, हामी बनाउछौ हाम्रो नगर ।**
**शिक्षा स्वास्थ्य सुशासन, हाम्रो चाहाना हो ।।**
**कला र धर्म संस्कृति, हाम्रो गहना हो ।**
**हामी बोल्छौ सत्य, हाम्रो मन छ शुद्ध ।**
**हाम्रो नगर नमोबुद्ध, राम्रो नगर नमोबुद्ध ।।**

## नीति तथा कार्यक्रम

### (क) आर्थिक विकास

**१. कृषि तथा पशुपन्छी विकास नीति:**

- कृषि पेसालाई उत्पादनमा जोड्न विशेष रोजगार, आयमुलक “कोबिड विशेष कृषि कार्यक्रम” गरिनेछ ।
- “सम्पूर्ण जग्गाको पहिचान र वर्गीकरण: कृषियोग्य जग्गामा उत्पादन र संरक्षण” अभियान अनुसार जैविक तथा अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहित गरिनेछ।
- “चिनौ आफ्नो माटो, बनाऔं आफनै नगर” अभियान सञ्चालन गरी माटो र हावापानी अनुकूल अन्न तथा नगदे वालीहरुको उत्पादनमा नगरबासीहरुलाई प्रोत्साहित गरिनेछ।
- पशु तथा कृषि विमा कार्यक्रमलाई नगरका सवै वडामा यसै वर्ष देखि लागु गरिनेछ।
- उत्पादित कृषि उपजको प्रवर्द्धनको लागि नमोबुद्ध ब्रान्डले ब्राण्डीङ्ग र प्याकेजिङ्ग गरी ब्रिक्री वितरणमा सहजीकरण गरिनेछ।
- “सबै वडामा प्राविधिकको सेवा प्रदान: पशुको कृतिम गर्भाधान” लाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।
- “नमोबुद्ध नगरपालिकाको पहिलो प्राथमिकता, कृषकको घरदैलोमा प्राविधिक सेवा“ कार्यान्वयन गर्न प्राविधिक जनशक्तिको व्यवस्था मिलाईनेछ ।

-"एक गाउँ एक उत्पादन'' कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक प्राविधिक तालिम प्रदान गरिनेछ।
- "कृषिमा उद्यमशिलता: आजको आवश्यकता" युवाहरुलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रदूषणजन्य उद्योग विस्थापन भएका क्षेत्रमा विविध कार्यक्रम गरी प्रदुषण मुक्त नगर: कृषि शहर को रुपमा विकास गरिनेछ।
-"एक घर एक अर्गानिक करेसाबारी" को अवधारणा विकास गरी अर्गानिक तरकारी उपभोगकालागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ।
-"रहन्न बाँझो जमिन गरिन्छ प्रयोग: अर्गानिक उत्पादनमा हुन्छ नगरको सहयोग" भन्ने सोचलाई आत्मसात गरी कार्यक्रम सञ्चालन गरिनेछ।
-"भूमी बैंक मार्फत प्रविधियुक्त कृषि, स्वरोजगारीमा बृद्धि, नमोबुद्धको आर्थिक समृद्धि" भन्ने अभियानलाई साकार पार्न भूमि बैंकको स्थापना गरि सामुहिक खेति, करार खेति र व्यवसायिक खेति गर्ने प्रबन्ध मिलाईनेछ।
-"समुदायको सक्रियता र जागरण: सरकारी, सार्वजनिक, गुठी जग्गाको संरक्षण" अभियान सञ्चालन गरिनेछ।
- पशुपंक्षी संरक्षण केन्द्रको निर्माणमा सहयोग, समन्वय र सहकार्य गरिनेछ।
-सिप्रेडको सहयोगमा निर्माण भएको नमोबुद्ध डिजिटल कृषि मोबाइल एप्सलाई प्रभावकारी बनाइनेछ।
- जडीबुटी लगायतका विशिष्ट प्रजाति विरुवाको उत्पादनको "विशिष्टीकृत उत्पादन क्षेत्र" निर्धारण गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ।
- नमोबुद्ध नगरपालिका क्षेत्र भित्र दुधबाट उत्पादन हुने खुवालाई नमोबुद्धको ब्रान्डको रुपमा प्रवर्द्धन र प्रोत्साहन नमोबुद्ध परिसर र भकुण्डेबेशीमा गरिनेछ।
- कृषि उपज संकलन तथा वितरण घुम्ती सवारी साधन विभिन्न संघसँस्थाहरुसँग सहकार्य, समन्वय र सहयोगमा संचालन गरिनेछ।
- वातावरण तथा प्रविधिमैत्री पशु हाट बजार तथा बधशाला विभिन्न संघसँस्थाहरुसँग सहकार्य, समन्वय र सहयोगमा निर्माण गरिनेछ।

### २. उद्योग, पर्यटन, सहकारी प्रवर्द्धन तथा संस्कृति सम्बन्धी नीति:

- व्यवसायिक प्रतिष्ठान तथा कम्पनीहरुको सहयोगमा नगरमा छुट्टै सामाजिक उत्तरदायित्व कोषको स्थापना गरिनेछ।
- एक वडा एक नमूना सहकारी कार्यक्रमको अबलम्बन गरिनेछ।
- कला र संस्कृतिको धनी नमोबुद्ध नगरपालिकाको उपयुक्त स्थानमा कला तथा साँस्कृतिक ग्राम (Art and Cultural Village) को स्थापना गरिनेछ।
- नमोबुद्धबाट सितापाईला- कम्लेश्वोर-दाप्चा- नेपाने- डराउने पोखरी- भुपाले वन- रजबम पोखरी- जगवैजेश्वर- अमरनिवास- कानपुर कालापानी हुदै-तुमशुङ कुण्ड -कोटतिमाल) धार्मिक पर्यटकीय बुद्ध सर्किटको रुपमा विकास गरिनेछ।
- नमोबुद्ध क्षेत्रको पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याइनुका साथै नमोबुद्ध क्षेत्रमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।
- नमोबुद्ध परिसरको वृहत्तर विकासकालागि तयार साझा गुरुयोजना कार्यान्वयन गरिनेछ।
- नगर महोत्सव आयोजना गरिनेछ।
- "हामी आफ्नै पौरखमा उद्यम गर्दछौं" कार्यक्रम कार्यविधि बनाई कार्यान्वयन गर्ने नीति रहनेछ।

### ३. रोजगार नीति:

-"नमोबुद्ध नगरपालिकाको प्राथमिकता: बेरोजगारलाई न्यूनतम रोजगारको सुनिश्चितता" सुचिकृत बेरोजगार व्यक्तिबाट रोजगारीको कार्यक्रम सञ्चालन गरिनेछ।
- "कोहि भोकै पर्दैन, भोकले कोहि मर्दैन" यो नगरपालिकाको प्रतिवद्धता रहनेछ।
- नगरपालिकाले "उद्यमशिलता, रोजगारी र उत्पादनमा वृद्धि: हुन्छ नमोबुद्धको समृद्धि" को नीति अवलम्बन गरिनेछ।
- कामकालागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारकालागि गर्ने नीति रहनेछ।

## (ख) सामाजिक विकास

### १. खानेपानी तथा सरसफाई नीति:

- "खानेपानी गुणस्तर सुधार आयोजना" कार्यान्वयन गरिनेछ।
- परिवर्तन गरौं हाम्रो आनीबानी: घरघरमा सङ्कलन हुन्छ आकाशेपानी"कालागि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।
- "एक घर, एक धारा" कार्यक्रम सञ्चालन गरिनेछ।
- खानेपानी सम्बन्धी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।
- नमोबुद्ध नगरपालिका वृहत एकीकृत खानेपानीको रुपमा विकसित गरिनेछ।

### २. शिक्षा, युवा तथा खेलकुद नीति:

**शिक्षा**

- वैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन सुचारु गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- U-Learning तथा Talking Teacher कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "वालवालिकालाई विद्यालय ल्याऔं र पढाईमा टिकाऔं" कार्यक्रमलाई थप प्रभावकारी बनाई विद्यार्थी भर्ना अभियानलाई अझ प्रभावकारी बनाईने छ ।
- नगर क्षेत्रमा कानून तथा सामाजिक विश्वविद्यालय स्थापनाकालागि आवश्यक समन्वय, सहकार्य र सहयोग गरिनेछ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न प्रधानाध्यापकसँग बार्षिक कार्यसम्पादन करार गरिनेछ।
- विद्यालयमा विपद ब्यवस्थापन सम्वन्धी शिक्षा प्रदान गर्ने ब्यवस्था मिलाईनेछ।
- स्थानीयस्तरको पाठ्यक्रम यसै बर्ष तयार गरी लागु गरिनेछ।
- आदर्श शिक्षा प्रणाली (Ideal Education System) कार्यक्रम संचालन गरिनेछ।
- एक नमूना आवासीय विद्यालयको प्रारुप तयार पारिनेछ।
- नगर भित्र निर्माण हुने नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आवसीय तालिम केन्द्र निर्माण कार्यकालागि आवश्यक वातावरण तयार गरिनेछ

।
- नमोबुद्ध नगरपालिका वडा नं ३ को केही भाग समेटी मा निर्माण प्रस्ताव भएको मदन भण्डारी प्राविधिक विश्वविद्यालयको निर्माणकालागि कार्य प्रारम्भ गर्न आवश्यक वातावरण तयार गरिनेछ।
- सामुदायिक विद्यालयमा नै आफ्ना बालबालिका अध्ययन गराउन आवश्यक प्रोत्साहन गरिनेछ।

### युवा
- नगरपालिकाबाट गठित युवा परिषद्लाई व्यवस्थित गरी युवा स्वरोजगार युवा सशक्तिकरण तथा सामाजिक उत्तरदायित्वको नीति अवलम्वन गरिनेछ।
- युवाहरुका लागि नवप्रवर्तन सेन्टर (INNOVATION CENTRE) निर्माणका लागि आवश्यक पहल गरिनेछ।
- "नगरको सम्वृद्धिका लागि युवाको क्रियाशीलता, हातमा सीप र दिमागमा उद्यमशिलता" भन्ने सोच कार्यान्वयन गरिनेछ।

### खेलकुद
- बहुउद्धेश्यीय कभर्डहल लगायत अन्य खेल पूर्वाधार निर्माणमा तिब्रता दिइनेछ।
- "विकास, गतिशीलता र स्वास्थ्यकालागि खेलकुद" भन्ने सोचका साथ मेयर कप फूटवल, उपमेयर कप भलिवल, कपर्दी तथा एथलेटिक्स प्रतियोगिताहरु आयोजना गरिनेछ।
- खेलकुद विकासकालागि एक वडा एक खेल मैदानको नीति अवलम्वन गरिनुका साथै आवश्यक सहयोग उपलब्ध गराईनेछ।

### ३. स्वास्थ्य नीति:
- कोरोना भाइरस संक्रमणको कोरोना भाईरस (कोभिड-१९) प्रकोपलाई ध्यानमा राखि आवश्यकता अनुसार कार्यक्रम संचालन गरिनेछ।
- सरुवा रोग अस्पताल निर्माणका लागि पहल गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- "निरोगी नमोबुद्ध निर्माणकालागि:: निशुल्क मोतिविन्दु उपचारको व्यवस्था" कार्यक्रम निरन्तरता दिइनेछ।
- वडा नम्बर ण्द्मा स्थापना भएको रेयुकाई आँखा अस्पतालको क्षमता अभिबृद्धि गरिनेछ।
- पूर्णखोप सेवा उपलब्ध वडा घोषणालाई दिगो बनाइनेछ।
- महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "एक विद्यालय एक नर्स" कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- एकजना स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स TPYE-B संचालन गरिनेछ।
- स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ।

### ४. महिला सम्बन्धी नीति:
- "नमोबुद्ध नगरपालिकाको सरोकार: महिलालाई अवसर र अधिकार" भन्ने लक्ष्यका साथ कार्यक्रम गरिनेछ।
- "नमोबुद्ध नगरको ईच्छा, छोरी बुहारीलाई रोजगारी र उच्च शिक्षा" भन्ने नारालाई सार्थक गरिनेछ।
- "जसको सवाल उसैको संलग्नता र नेतृत्व" भन्ने नाराको सुनिश्चितता गरिनेछ।
- आत्मरक्षा तालिम सञ्चालन गरिनेछ।
-सुत्केरी हुने महिलालाई वडा कार्यालय मार्फत आवश्यकता अनुसार निशुल्क एम्वुलेन्स वा अन्य यातायातको ब्यवस्था गरिनेछ।
-दुई छोरी मात्र जन्माएर स्थायी परिवार नियोजन गर्ने दम्पतिलाई नगरपालिकाबाट उचित सम्मान गरिनेछ।
-२०७७०७८ लाई लैंगिक हिंसा विरुद्धको वर्षलाई निरन्तरता दिइनेछ।
-कोसेली घरको स्थापना गरिनेछ।
-"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद" को नीतिलाई निरन्तरता दिइनेछ।

### ५. बालबालिका सम्बन्धी नीति:
-बालबालिकाहरुलाई भविष्यको आधारको रुपमा मात्र हैन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ ।
- नमोबुद्ध नगरपालिकालाई बालश्रम मुक्त नगर घोषणा गरिनेछ।
- "वालवालिकासँग मेयर: उनीहरुका कुरा, हुन्छन् पुरा" कार्यक्रमलाई निरन्तरता दिइनेछ।
-वालवालिका सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
-"नमोबुद्ध नगरपालिकामा अब वालवालिकाको पालो: हुन्छ उनीहरुको भविष्य उज्यालो" भन्ने मूल नारा पुरा गर्न बजेट व्यवस्था गरिनेछ।
- बालविवाह मूक्त नगर बनाउनकालागि बालविवाह विरुद्धको कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिनेछ।

### ६. आदिवासी जनजाती, दलित, अपांग तथा जेष्ठ नागरिक सम्बन्धी नीति:
- बैंकहरुको सहयोगमा पूर्ण अशक्त लाभग्राहीको घरमा नै भत्ता वितरण गर्ने व्यवस्था मिलाईनेछ।
- एक वडा एक जेष्ठ नागरिक मिलन चौतारी स्थापना गरिनेछ। जसमा ज्येष्ठ नागरिककालागि आवश्यक विभिन्न सुविधाहरु उपलब्ध गराइनेछ ।
- "जेष्ठ नागरिकसँगको भएको ज्ञान र अनुभवको पहिचान: समाज निर्माणमा परिचालन" भन्ने उदेश्यले कार्यक्रम सञ्चालन गरिनेछ।
- "सुसंस्कार हाम्रो पहिचान: जेष्ठ नागरिकलाई सम्मान" भन्ने नारा र असल सन्तान सम्मान पुरस्कारबाट सम्मानित गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ।
- जेष्ठ नागरिक मिलन केन्द्रको रुपमा विकास गर्नकालागि नगरस्तरीय जेष्ठ नागरिक भवन निर्माण आवश्यक लागि पहल गरिनेछ। लक्षित वर्ग विशेष कार्यक्रम संचालन गरिनेछ।

## (ग) पूर्वाधार विकास

### १. भौतिक तथा पूर्वाधार विकास नीतिः
- नगर विकास समिति गठन गरिनेछ।
- २० वर्षे दीर्घकालीन सोचका साथ एकीकृत नगर विकास योजना निर्माण गरिनेछ।
- अतिथि सत्कारको लागि अतिथि सत्कार गृह निर्माण गरिनेछ।
- वडा स्तरमा ५ लाख र नगर स्तरमा २५ लाख भन्दा कम लागतको कार्यक्रम सञ्चालन गर्न निरुत्साहित गरिनेछ ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आवसीय तालिम केन्द्र निर्माण कार्य प्रारम्भ गर्न आवश्यक वातावरण तयार गरिनेछ।
- दुई प्रतिशत वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनूकुलन कार्यमा खर्च गर्ने व्यवस्था मिलाईनेछ।
- नमोबुद्ध नगर वातावरण तथा प्रविधिमैत्रि बसपार्क निर्माण कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ।
- "नगर निर्माणको आधारः एक वडा एक ठुला भौतिक पूवाधार" भन्ने नारालाई सार्थकता दिईनेछ।
- "समृद्ध नमोबुद्धको आधारः पूर्वाधार विकास र रोजगार" विकासको मूल ध्येय हुनेछ।
- "नगरको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार" भन्ने नारालाई आत्मसाथ गरी आरम्भ गरिनेछ।
- बालमैत्री पार्क निर्माण प्रारम्भ गरिनेछ।

### २. सडक तथा यातायात तर्फको विकास नीतिः
- नौबिसे-भकुण्डे हुदै वि.पि. राजमार्गको उत्तरतर्फ वाईपास रोड निर्माणकालागि पहल गरिनेछ।
- बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकता दिइनेछ।
- नगर चक्रपथको सम्भाव्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ।
- नौविसे देखि मेथिनकोट हुँदै बुचाकोट सम्म वैकल्पिक सडक (सोती कोरिडोर) निर्माण प्रारम्भ गरिनेछ।

### ३. विद्युत तथा वैकल्पिक उर्जा सम्वन्धी नीतिः
- वैकल्पिक उर्जा (सौर्य उर्जा)को प्रवर्द्धन गरिनेछ।

### ४.बस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माण नीतिः
- नगरपालिका क्षेत्रमा निर्माण हुने सबै किसिमका भवन भूकम्प प्रतिरोधी बनाउने नीति लिइनेछ ।
- नमोबुद्ध क्षेत्रको सांस्कृतिक सम्पदालाई संरक्षण गर्न विशेष भवन निर्माण मापदण्ड तथा कार्यविधि तयार गरी तुरुन्त लागु गरिनेछ।

## (घ) वातावरण तथा विपद ब्यवस्थापन

### १. वातावरण संरक्षण नीतिः
- आगामी वर्षलाई वृक्षारोपण वर्षको रुपमा मनाईनेछ।
- एक वडा एक पोखरी र चौतारी कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ।
- विवाहित नवदम्पतीले विवाह दर्ता गर्नु पुर्व दुई वटा फलफूलका अनिवार्य रोपन गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।
-"सफा घर, टोल र शहर नमोबुद्धवासीको एउटै रहर" भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ।
- वातावरणमैत्री औद्योगिक ग्राम स्थापना गरिनेछ।
- वातावरणमैत्री झोला निर्माणकालागि महिला सहकारीहरुसँग सहकार्य गरी जनचेतना, तालिम तथा आवश्यक कार्यको प्रारम्भ गरिनेछ।
- नक्शा पास गर्दा अनिवार्य २ वटा बहुवर्षीय रुख वा फलफूलको विरुवा रोप्ने तथा हुर्काउने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- "उत्पादन लागि वनमा लगानी" कार्यक्रम घोषणा गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- "नगर तथा गाउँको सरसफाईमा ध्यान, अनि बन्छ नमोबुद्ध नगर सुसंस्कृत र महान" कार्यक्रम र "जैविक प्रविधि सारा, प्लास्टिक देखि टाढा" सञ्चालन गरिनेछ।

### २. विपद व्यवस्थापन नीतिः
- नमोबुद्ध नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ।
- यातायात सहज नपुगेका क्षेत्रमा थप हेलीप्याड निर्माण गर्दै लगिनेछ।
- "विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं" भन्ने अभियानलाई प्रभावकारी बनाइनेछ।

### ३. फोहरमैला तथा सरसफाई सम्बन्धी नीतिः
- फोहर जसले उत्पादन गर्दछ व्यवस्थापनको मूल्य उसैले तिर्नुपर्दछ, लिदैन म फोहोर, घरमै बनाउछु यसलाई मोहोर भन्ने नीति अबलम्बन गरिनेछ।
- दिशाजन्य लेदो व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनकालागि आवश्यक औजारको खरिद गरी विसर्जनकालागि उपयुक्त स्थान र प्रविधि छनौट गरी उचित ठाउँमा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

## (ङ) संस्थागत विकास तथा सुशासनः

### १. सूचना संचार तथा प्रविधि विकास सम्बन्धी नीतिः
- नगरका मुख्य चोक, बजार, धार्मिक पर्यटकीय क्षेत्र तथा सम्वेदनशील स्थलहरुमा सिसि टिभी जडान, निःशुल्क वाइफाइ सेवा विस्तार, सूचना केन्द्रहरुको व्यवस्थित सञ्चालन, नेटवर्किङ्ग विस्तार लगायतका कार्यहरु गरिनेछ।
- नमोबुद्ध नगरपालिकालाई स्मार्ट तथा समृद्ध नगर विकासकालागि आवश्यकता पहिचान गरी चरणवद्ध रुपमा डिजिटल नमोबुद्ध, २०७८ अवधारणाको विकास गर्ने नीति लिइनेछ ।

### २. संस्थागत विकास तथा मानव संसाधन सम्बन्धी नीतिः
- नगर प्रोफाइल निरन्तर अध्यावधिक गरी नगरको तथ्याङ्कीय आधारलाई भर पर्दो बनाइनेछ।

- नगर विकासकालागि आगामी ५ बर्षे, १० बर्षे, १५ बर्षे गुरु योजना  बनाई क्रमशः कार्यन्वयन गरिनेछ।
- नगरको मुहार परिवर्तन (Face Lifting), नगर उद्यम केन्द्र, समृद्ध नगर (City of Properity), कृषि पर्यटन (Agrotourism), खाद्य सुरक्षा (Food Security) लगायतका क्षेत्रलाई बिशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- अस्थायी र सेवा करारमा कार्य गरीरहेका कर्मचारीहरुलाई सेवाबाट अलग हुँदा खाली हात नपठाउने नीति अवलम्बन गरिनेछ र सामाजिक सुरक्षा कोषको सुनिश्चिता गरिनेछ।
- हरेक वडामा कम्तिमा एक वटा योजना महिला मात्र सम्मिलित उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ र उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पुरस्कृत गरिनेछ।
- नगर गौरवका योजनाहरुलाई सरकारी निजी साझेदारी प्रारुपमा सञ्चालन गरिनेछ।
- जनतासँग जनप्रतिनिधि कार्यक्रम, बालबालिकासँग मेयर, महिलासँग मेयर तथा उपमेयर, उपमेयरसँग आज  र सार्वजनिक सुनुवाईलाई कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।

**३. राजस्व परिचालन सम्बन्धी नीतिः**

- कोभिड-१९ (कोरोना भाईरस)को कारण कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।
- पेश्की शुन्य अभियानकालागि पेश्की दिने कार्यलाई निरुत्साहित गरी प्राविधिक मूल्याङ्कनका आधारमा रनिङ्ग वील भुक्तानी दिइने नीति अवलम्बन गरिने छ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामाग्री खरिद गर्नु पर्ने भई उपभोक्ताको लागत सहभागिता नगदै रकम नगरपालिकामा जम्मा गरेमा पेश्की उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

**४. सम्बन्ध सहकार्य तथा साझेदारी नीतिः**

- गैरसरकारी एवं निजि क्षेत्रसँग सहकार्यलाई गरी प्रविधि हस्तान्तरणको क्षेत्रमा आवश्यक सहकार्य र समन्वय गरिनेछ।

**५. सामाजिक परिचालन तथा सामाजिक सशक्तिकरण नीतिः**

- सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तिकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ।
- "म भष्ट्राचार गर्दिन, म भष्ट्राचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ।

**६. गैर सरकारी संस्था सम्वन्धी नीतिः**

- गैर सरकारी क्षेत्रको समन्वयकालागि नगरपालिकामा स्थापित गै.स.स.समन्वय कक्ष मार्फत विकास तथा सामाजिक परिचालनकालागि सहकार्य गरिनेछ।

## आ.व ०७७/७८ का लागि प्रस्तुत बजेट :

आर्थिक बर्ष २०७७/०७८ का लागि आन्तरिक स्रोतबाट १३ करोड ६८ लाख रुपैयाँ, राजस्व बाँडफाँडबाट ९ करोड ९० लाख ११ हजार ५ सय ४० रुपैयाँ (संघबाट ७ करोड ६१ लाख ११ हजार ५ सय ४० रुपैयाँ र प्रदेशबाट २ करोड २९ लाख रुपैयाँ), वित्तीय समानीकरण अनुदानतर्फ ११ करोड ८० लाख २० हजार रुपैयाँ (संघबाट १० हरोड ७९ लाख रुपैयाँ र प्रदेशबाट १ करोड १ लाख २० हजार रुपैयाँ) सशर्त अनुदान २९ करोड ७४ लाख ३ हजार रुपैयाँ (संघबाट २६ करोड ४४ लाख रुपैयाँ र प्रदेशबाट ३ करोड ३० लाख ३ हजार रुपैयाँ), विशेष अनुदान ५० लाख रुपैयाँ तथा समपुरक अनुदान ३ करोड ८५ लाख रुपैयाँ (संघबाट ८५ लाख रुपैयाँ र प्रदेशबाट ३ करोड रुपैयाँ) गरी ६९ करोड ४७ लाख ३४ हजार ५ सय ४० रुपैयाँ बराबरको बजेट पेश गरिएको छ। जसमध्ये चालु तर्फ ११ करोड ५७ लाख ८७ हजार ६ रय ७४ रुपैयाँ ६० पैसा र पुँजीगततर्फ ५७ करोड ८९ लाख ४६ हजार ८ सय ६६ रुपैयाँ ४० पैसा खर्च प्रस्ताव गरिएको छ।

**मष्तिस्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी ।।**

**जय नमोबुद्ध**

***नोटः यहाँ प्रस्तुत गरिएको यस नगरपालिकाको बजेट, नीति तथा कार्यक्रमको पुर्ण विवरण नमोबुद्ध नगरपालिकाको आधिकारिक वेबसाइट namobuddhamun.gov.np मा हेर्न सकिन्छ ।***